# मन्थन

पुस्तक समीक्षा




हेनरी किसिन्जर ४७




फ्रान्सिस फुकुयामा ५०




रुचिर शर्मा ५३

# युद्ध र राजनीतिक उथलपुथलको इतिहास




**पुस्तक : स्मल वार्स फार अवे प्लेसेस**
लेखक : माइकल बर्ले
प्रकाशक : पेङ्गुइन बुक्स, २०१३
पृष्ठ : ५८७
ISBN: 978-0-670-02545-9

**समीक्षक : अजय दीक्षित**

केही महीनायता मध्यपूर्वको इराक, टर्की र सिरिया आसपासका क्षेत्रमा आईएसआईएस नामक सङ्गठनले इस्लामी खाँलिफेट निर्माण गर्ने उद्देश्यअनुरूप हिंसक आन्दोलन गर्दै छ। पछिल्लो युद्धपछि इराकबाट आफ्नो सेना फिर्ता बोलाएको ओबामा प्रशासनले आईएसआईएसका ठेगानाहरूमा बमबारी शुरू गरेको छ। बमबारीमा युरोपेली मुलुक पनि संलग्न छन्। प्रश्नहरू उठ्छ, परिणाम कस्तो होला ? आफ्ना मुलुकबाट निकै टाढाको युद्धमा पश्चिमी मुलुकहरू किन होमिन पुगे? इतिहासकारहरू यस्ता युद्धबारे विवेचना गर्दै छन्। बेलायती इतिहासकार माइकल बर्लेको *स्मल वार्स फार अवे प्लेसेस* विगतका यस्ता युद्धहरूको इतिवृत्त समेटेको पुस्तक हो। यसमा दोस्रो विश्वयुद्धको अन्त्य अर्थात् सन् १९४५ देखि १९६५ सम्मको दुई दशकको कालखण्ड समेटिएको छ। पुस्तकले अमेरिकी र पश्चिम युरोपेली भूभागबाट टाढा रहेका मुलुकहरूका युद्ध, राजनीतिक उथलपुथल र परिवर्तनका शृङ्खलाको नालीबेली प्रस्तुत गर्छ। पुस्तकमा कोरिया, मलाया, फिलिपिन्स, हिन्द-चीन, भारत-पाकिस्तान, अल्जेरिया, केन्या, कङ्गो र क्युबाका यस्ता घटनाहरूको विस्तृत विवरण र गहन विश्लेषण समेटिएको छ।

सन् १९९० मा पूर्व सोभियत युनियनको विखण्डनपछि संयुक्त राज्य अमेरिका आर्थिक र सैनिक हिसाबले विश्वको सर्वाधिक शक्तिशाली राष्ट्र बने पनि त्यस मुलुकको विश्वव्यापी वर्चस्व दोस्रो विश्वयुद्धपछि नै स्थापित भइसकेको हो। दोस्रो विश्वयुद्धअगि एसिया र अफ्रिकाका धेरै मुलुकहरू उपनिवेश थिए। बर्ले भन्छन्, दोस्रो विश्वयुद्धपछि युरोपेली भूभागमा लाखौं अनाथ केटाकेटी भौतारिँदै गर्दा उपनिवेशहरूमा स्वतन्त्र हुने क्रम धमाधम बढ्यो र युरोपेली मुलुकहरू, खास गरी संयुक्त अधिराज्यको वर्चस्व कम हुन लाग्यो। ती मुलुकहरूले खाली गरेको 'ठाउँ' मा संयुक्त राज्य अमेरिका होमिन थाल्यो।

इतिहासका घटनाक्रममा कुन सरकारका कुन पात्रले कस्तो भूमिका खेले, के गरे, व्यक्तिहरूको आफ्नो झुकाव र पात्रहरूबीचको सम्बन्धले घटनाक्रम कता कसरी लाग्यो भन्ने वृत्तान्त पुस्तकले दिन्छ। हरेक घटनाका पछाडि चुनिएर वा अन्य माध्यमबाट सत्तामा पुगी राज्यशक्तिको प्रयोग गर्ने पात्र विशेष सक्रिय देखिन्छन्। सहयोगी ग्रन्थको आधार लिँदै बर्ले शक्तिशाली नेताका व्यवहार र संस्कारबारे पनि चर्चा गर्छन्। बर्लेको शोध बेजोड छ र उनको विश्लेषण कडा। सत्तामा पुगेका पात्रहरूको इतिहासले वस्तुपरक तर कठोर मूल्याङ्कन गर्छ भन्ने दृष्टान्त पुस्तकले प्रस्तुत गर्छ यद्यपि बर्लेको विश्लेषण दक्षिणपन्थ झुकावले प्रभावित हुन्छ भन्ने आरोप पनि लाग्ने गरेको छ। यो समीक्षा पुस्तकमा उपस्थित तीनवटा घटनाक्रमको आधारमा केही पाठ सिक्ने यत्नमा केन्द्रित छ।

**पूर्णाङ्क-१३ : *शिक्षक* मासिक र आइसेट-नेपालको सहकार्यमा २०७१ कात्तिकबाट पुनः प्रकाशित हुन थालेको 'मन्थन' (पुस्तक समीक्षा) हरेक चौथो महीनामा प्रकाशित हुन्छ। आइसेट-नेपालका तर्फबाट यसको संयोजन कार्यकारी निर्देशक अजय दीक्षितले गर्दछन्।**

## पश्चिम एसियाको गाथा

स्वतन्त्रताको लडाइँमा मध्यपूर्व र पश्चिम एसियाका मुलुकहरूको प्रसङ्ग महत्त्वपूर्ण छ। बर्लेले समेटेको कालखण्डमा खनिज तेलको उपलब्धता र त्यससित गाँसिएको अर्थव्यवस्थाका चलखेलहरू निर्णायक कडीका रूपमा छन्। एउटा नाटकीय उदाहरण इरान हो। पश्चिमी राजनीतिक चलखेल निर्वाचित इरानी प्रधानमन्त्री मोहम्मद मोशादेगलाई अपदस्थ गर्ने कारण बन्यो; रेजा शाह इरानका बादशाहको रूपमा स्थापित भए। शाहलाई स्थापित गराउन अमेरिकी केन्द्रीय गुप्तचर सङ्गठन (सीआईए) ले निर्णायक भूमिका खेलेको थियो। त्यसमा सीआईएका कर्मचारी केरमिट रुजवेल्टको भूमिका बर्ले विस्तृत रूपमा उल्लेख गर्छन्, सीआईएभित्रै विवादित रहेको थियो। मोशादेग प्रधानमन्त्रीबाट हटाइएपछि रुजवेल्ट अमेरिका फर्कने क्रममा बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिललाई भेट्न गए। मस्तिष्क घात भएका चर्चिल बौराइरहेका थिए। सुन्न र बोल्न गाह्रो भए पनि उनले रुजवेल्टलाई भेटे र 'दोस्रो विश्वयुद्धपछिको सबैभन्दा कुशल कार्य' सम्पन्न गरेकोमा धन्यवाद दिए। बर्ले लेख्छन्, 'चर्चिलमाथि इतिहासको साह्रै ठूलो बोझ थियो।' चर्चिल सन् १९११-१९१५ मा बेलायती जङ्गी बेडा हेर्ने फर्स्ट लर्ड अफ अडमार्लिटी (अर्थात् मन्त्री) को जिम्मेवारीमा थिए र उनकै निर्देशनमा बेलायती जङ्गी बेडाको सञ्चालन कोइलाको सट्टा खनिज तेलबाट गर्ने निर्णय गरिएको थियो। तत्पश्चात् तेल आपूर्ति सहज राख्न बेलायती सरकारले उनकै अगुवाइमा इरानको एङ्लो-पर्सियन (हिजोआज बिट्रिश पेट्रोलियम) तेल कम्पनीको निर्णायक शेयर किनेको थियो। सन् १९४९ मा एङ्लो-पर्सियन तेल कम्पनीले इरानी सरकारलाई १० लाख पाउन्ड राजस्व बुझाउँथ्यो भने बेलायती सरकारलाई १ करोड ८० लाख पाउन्ड। इरानीहरूको आँखामा बेलायतीहरू दुईजिब्रे र धोखाधडीमा माहिर थिए। पछि अमेरिकीहरू बेलायतीहरूझैँ इरानको आन्तरिक राजनीतिमा होमिए।

रेजा शाहको सत्तारोहणपछि केही दशकसम्म राजनीतिक रूपमा इरान स्थिर रह्यो तर बिस्तारै स्थिति परिवर्तन हुन थाल्यो। सन् १९७९ मा अयोतोल्ला खोमेनीको अगुवाइमा भएको इस्लामी क्रान्तिले रेजा शाहको सत्ता फालिदियो। नयाँ इरान र पश्चिमी सरकारहरू, खास गरी संयुक्त राज्य अमेरिकाबीचको सम्बन्ध राम्रो रहेन। विभिन्न चरण पार गर्दै इरानले हासिल गरेको आणविक क्षमता पश्चिमी मुलुकहरूका लागि टाउकोदुखाइ बन्दै छ र त्यस विषयमा ती मुलुकहरूबीच संवाद जारी छ। यता आईएसआईएसको उदयपछि त्यसको विरोधमा इरान र अमेरिका एकै ठाउँमा आउन सक्ने सङ्केत देखिन थालेका छन्। ती आउलान्? उत्तर समयको गर्भमा छ, अहिले स्पष्ट छैन।

## कङ्गो : बर्बरता र हस्तक्षेप

बर्ले पाठकलाई अफ्रिकी मुलुक कङ्गोको गृहयुद्धमा पुर्‍याउँछन्। त्यहाँको इतिहास क्रूरता र बाह्य हस्तक्षेपको ज्वलन्त उदाहरण हो। रुण्डै पश्चिम युरोपेली क्षेत्रफल बराबरको कङ्गो भूमध्यरेखा छेउछाउ हुँदै पश्चिमी आन्ध्र महासागरदेखि अन्तर्देशसम्म फैलिएको छ। सन् १९०८ मा कङ्गोको सत्ता बेल्जियमका राजामा निहित थियो। स्वतन्त्र हुनेताका कङ्गोका १ करोड १३ लाख ५० हजार बासिन्दाहरू दुई सयवटा कविलामा बाँडिएका थिए र चार सयभन्दा बढी भाषा बोल्थे। प्राकृतिक स्रोतको उपलब्धता सन्तुलित थिएन, छैन। दक्षिण-केन्द्रीय कसाई प्रान्तमा हीरा खानी छ भने दक्षिण काटाङ्गा प्रान्तमा तामा, कोबाल्ट र युरेनियम खानी। त्यस बखत बेल्जियम, बेलायत र दक्षिण अफ्रिकी खानी कम्पनीहरूको राजसरह थियो कङ्गो।

सन् १९६० जूनमा बेल्जियमबाट कङ्गोले सीमित स्वतन्त्रता पाउने भयो र निर्वाचन गरिने भयो। चुनावी परिवेशमा तीन मुख्य कङ्गोली पात्र देखा परे : जोसेफ कसाबुभु, प्याट्रिक लुमुम्बा र मोरो शोम्बे। शोम्बे काटाङ्गा प्रान्तका बासिन्दा थिए र खाँटी व्यापारी। चुनावपछि कसाबुभु राष्ट्रपति बने भने लुमुम्बा प्रधानमन्त्री। देश स्वतन्त्र भएको र चुनावपछि नयाँ सरकार पनि बनेको हुँदा सरकारले कर्मचारीको तलब मनग्गे बढायो; सामान्य क्लर्कहरूले समेत गाडी किन्न थाले। ट्याक्स बढाउनुपर्‍यो कसाई र काटाङ्ग प्रान्तमा। तर आर्मी नेशनल कङ्गोली (एएनसी) सेनाको तलब बढाइएन। सेनामा असन्तुष्टि बढ्यो, रक्सी खाएर मात्तिएका सिपाहीले विद्रोह गरे, राजधानी लियोपोल्डभिल (हाल किन्सासा) युरोपेली नागरिकहरूमाथि हिंसा शुरू हुन थाल्यो।

गोराहरू भागाभाग गर्दै छन् र महिलाहरूलाई बलात्कार गरिँदै छ भन्ने खबर पुगेपछि बेल्जियम सरकार चुप लागेर बस्ने कुरै भएन। उसलाई आफ्ना नागरिकको रक्षाका लागि हस्तक्षेप गर्ने ठाउँ खुल्यो। तदअनुरूप बेल्जियमका १,८०० छाताधारी सैन्य कङ्गो उतारिए। बेल्जियम सरकारको चासो खानीमा थियो। उसले व्यापारी शोम्बेलाई काटाङ्गा प्रान्त कङ्गोबाट स्वतन्त्र हुनु उचित छ भनी उक्सायो। त्यस प्रान्तका पढे-लेखेकाहरू स्थानीयलाई गोराहरूले झैँ घृणा गर्थे। कङ्गोका अन्य क्षेत्रहरूमा हुँदै गरेको उथलपुथलबाट काटाङ्गा प्रान्तलाई बचाउने उनीहरूको चाहना थियो। तिनले आफ्नै रुण्डा तयार पनि गरे।

अलग्गिने बाटोमा लागेको काटाङ्गाको स्थिति बुझ्न राष्ट्रपति कसाबुभु र प्रधानमन्त्री लुमुम्बा त्यसतर्फ विमानमा उडे। तर काटाङ्गा प्रान्तमा तैनाथ युरोपेली भाडाका सैनिकले धावनमार्गमा आगो बालेर राष्ट्रपति र प्रधानमन्त्रीको विमान अवतरण हुन दिएनन्। उता राजधानी लियोपोल्डभिलमा लुमुम्बाका मन्त्रीहरू सैनिक विद्रोह रोक्ने उपाय खोज्न लागे किनभने राष्ट्रपति र प्रधानमन्त्री दुवै राजधानीबाहिर थिए। संयुक्त राज्य अमेरिकालाई सहयोगका लागि ३ हजार ५ सय सैनिक पठाइदिन अनुरोध गरियो। अमेरिकाले सो अनुरोध स्वीकार गरेन बरु के भन्यो भने विद्रोह रोक्ने कार्य संयुक्त राष्ट्रसंघको तजबिजमा हुनुपर्छ।

संयुक्त राष्ट्रसंघ विद्रोह साम्य गराउने कार्यमा सहभागी हुन आइपुग्यो र सुरक्षा परिषद्ले तदअनुरूप निर्णय गर्‍यो। अमेरिका र सोभियत संघले प्रस्तावको समर्थन गरे तर युरोपेली मुलुकहरूले भोट हालेनन्। तत्कालीन महासचिव डाग ह्यामरसोल्डले इथियोपिया, घाना, मोरक्को र ट्युनिसियाका डफ्फा भएका १२ हजार सैनिक जम्मा गरे। सेना उतारियो तर अपेक्षाअनुरूप कङ्गो शान्तिको बाटोमा लागेन। ह्यामरसोल्डले आफ्नो कार्यकाल पूरा गर्न पनि पाएनन्। सेप्टेम्बर १९६१ मा संयुक्त राष्ट्रसंघका सेना र काटाङ्गा प्रान्तका पृथकतावादी सेनाबीच शान्ति सम्झौता गराउने यात्राको क्रममा हालको जाम्बियामा भएको विमान दुर्घटनामा उनको निधन भयो। उनको विमानमा गोली हानिएको अनुमान गरिएको थियो। नेपालका हृषीकेश शाह त्यस बेला संयुक्त राष्ट्रसंघमा कार्यरत थिए र उनले दुर्घटना किन भयो भन्ने जाँचबुझ टोलीका सदस्यको रूपमा काम गरेका थिए।

संयुक्त राष्ट्रसंघको सेनाले काटाङ्गा प्रान्तका पृथकतावादीलाई

हराउन सकेन। प्रधानमन्त्री लुमुम्बा यसका लागि अन्य मुलुकसित सहयोग लिने कुरा गर्न थाले। सोभियत संघको सरकार 'तत्काल सहयोग गर्छु' भन्दै अगिसऱ्यो। छिमेकी मुलुक घानामा सोभियत संघमा निर्मित ठूला मालबाहक विमानहरू थिए। ती विमान प्रयोग गर्दै दर्जनौं गाडी र कामदार कङ्गो पुऱ्याइए। शितयुद्ध शुरू भइसकेको स्थितिमा सोभियत संघको यो तत्परता अमेरिकी सरकारलाई स्वीकार्य हुने कुरै थिएन। यसै पनि राष्ट्रपति आइजन हावरको सरकार लुमुम्बासित सन्तुष्ट थिएन। अमेरिकाको भ्रमणमा रहँदा लुमुम्बाले सोभियत समाचार एजेन्सी तासलाई अन्तर्वार्ता दिँदै सोभियत सरकारले कङ्गोलाई सहयोग उपलब्ध गराएकोमा धन्यवाद दिएका थिए। अमेरिकी सरकार खुशी थिएन, उनको व्यवहारले।

कङ्गोमा सोभियत संघ मुछिन आएको घटनाले सीआईएको ध्यान तान्यो। बर्ले भन्छन्, 'राष्ट्रपति आइजन हावर कङ्गोलाई टुक्रिन नदिने प्रयासमा लागे।' तर यस कार्यमा उनी प्रधानमन्त्री लुमुम्बा सहभागी नहुन् भन्ने चाहन्थे। कङ्गोमा कहालीलाग्दो उथलपुथल हुन थाल्यो। हरेक दिन अफ्रिकी र युरोपेली नागरिकहरू भाग्दै संयुक्त राष्ट्रसंघको शरणमा आउन थाले। साथै, लुमुम्बालाई सिद्ध्याउने खेल पनि शुरू भयो। यसको नेतृत्वमा थिए सैनिक अधिकृत सेसे रुसको मोबुटु। घटनाक्रमले नयाँ मोड लियो। सेप्टेम्बर ५, १९६१ मा राष्ट्रपति कसाबुभुले प्रधानमन्त्री लुमुम्बालाई बर्खास्त गरेको घोषणा गरे यद्यपि उनको यो कदम कानूनसम्मत थिएन। लुमुम्बाले त्यसलाई अस्वीकार गरी आफूलाई प्रधानमन्त्रीकै रूपमा कायम राखे। तर उनको शक्ति कम भएको थियो किनभने उनीप्रति बफादार सेना कसाई प्रान्तमा युद्धरत थियो। त्यो सेना राजधानी लियोपोल्डभिल फर्कन लाग्दा राष्ट्रसंघको सेनाले रोक्यो र संयुक्त राष्ट्रसंघ त्यहाँको गृहयुद्धमा एक पक्षको साथ लिन पुग्यो। मोबुटु सक्रिय त थिए नै। १० दिनपछि उनले प्रधानमन्त्री लुमुम्बालाई अपदस्थ गरे तर कसाबुभु भने राष्ट्रपति रहिरहे। राजनीतिक वैधानिकताका लागि उनलाई हटाइएको थिएन।

सोभियत संघको विरोधका बाबजूद नयाँ सरकारलाई संयुक्त राष्ट्रसंघले मान्यता दियो। आफ्नो सेनाको पूर्ण सहयोग नभए पनि लुमुम्बा राष्ट्रसंघ अन्तर्गत आएका घानाका सैनिकको सुरक्षामा थिए। घानाका राष्ट्रपति जोसेफ एनक्रुमा उनका मित्र थिए। कसाबुभु र मोबुटुको सरकारले अनुमोदन पाएपछि घरमा तैनाथ संयुक्त राष्ट्रसंघका गार्ड र परिस्थिति आफ्नो अनुकूल रहने छैन भन्ने बुझी लुमुम्बा आफ्नो वासस्थानबाट सुटुक्क निस्किएर १३ सय माइल टाढा स्टानलिभिलतर्फ लागे तर बाटैमा समातिए। त्यसै वर्ष चुनिएका अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले जनवरी १९६१ मा सपथग्रहण गरेपछि छुट्ने उनको आकांक्षा सफल भएन। राष्ट्रपतिले सपथग्रहण गर्नुअगि नै उनलाई विमानद्वारा दुई सहयोगीसहित कसाई प्रान्ततर्फ लगियो। कसाईको विमानस्थलमा संयुक्त राष्ट्रसंघका सेना तैनाथ छन् भन्ने जानकारी भएपछि विमान कसाई होइन काटाङ्ग प्रान्त पुऱ्याइयो। बर्ले लेख्छन्, विमानमा लुमुम्बालाई कति निर्मम तरिकाले पिटियो भने डराएका चालकहरूले उडान कक्षमा ताल्चा लगाएर आफूलाई सुरक्षित गरे। बन्दी लुमुम्बालाई गोली हानियो। तेजाबले भरिएको ड्रममा उनको शव डुबाइएको बर्ले उल्लेख गर्छन्। यसरी कङ्गोका निर्वाचित प्रधानमन्त्रीको अकल्पनीय अन्त्य भयो।

लुमुम्बाको हत्यापछि अफ्रिकी मुलुकका सेनाले संयुक्त राष्ट्रसंघ अन्तर्गत कार्यरत रहन मानेनन्, तिनको स्थानमा पाँच हजार जनाको सिख र गोर्खाली सेना कङ्गो पठाइयो। बिस्तारै मोबुटु शक्तिशाली बन्न थाले। सन् १९६५ मा उनले राष्ट्रपति कसाबुभुलाई अपदस्थ गरे। नाम परिवर्तन भई कङ्गो अब जायर भनिने भयो। राष्ट्रपति निक्सनदेखि जर्ज डब्ल्यु बुसको कार्यकालसम्म सबसहारा क्षेत्रका अफ्रिकी मुलुकहरूले पाउने अमेरिकी सहयोगको आधा हिस्सा जायरमा जान्थ्यो। जायरको सर्वेसर्वा बनेपछि मोबुटुले आफ्नो नामका पछाडि लामालामा उपाधि जोडेका थिए। उनले गरेको भ्रष्टाचार र कुशासनको सन्दर्भ सम्झँदै बर्ले भन्छन्, छोटकरीमा उनलाई 'चोर' भन्दा हुन्छ। विश्वका तानाशाहको जस्तो अन्त्य हुन्छ, मोबुटुको त्यस्तै भयो। सन् १९९७ मा उनी जायरबाट धपाइए, एक वर्षपछि मोरक्कोको राजधानी रबातमा उनको मृत्यु भयो। कङ्गोको गाथालाई इतिहासको एउटा सिक्का मान्ने हो भने त्यसका दुइटा पाटा हुनेछन् : बाह्य हस्तक्षेप र हिंस्रक बर्बरता।

**_स्मल वार्स फार अवे प्लेसेस_ मा दोस्रो विश्वयुद्धको अन्त्य अर्थात् सन् १९४५ देखि १९६५ सम्मको दुई दशकको कालखण्ड समेटिएको छ। पुस्तकले अमेरिकी र पश्चिम युरोपेली भूभागबाट टाढा रहेका मुलुकहरूका युद्ध, राजनीतिक उथलपुथल र परिवर्तनका शृङ्खलाको नालीबेली प्रस्तुत गर्छ।**

## दक्षिण एसियामा पाकिस्तान

स्वतन्त्र भारत र पाकिस्तानमा विश्वका पाँचमध्ये एक मान्छेले बसोबास गरे पनि अमेरिकीहरूले यस दक्षिण एसियाली भूभागलाई खासै चासो दिएनन्, शुरूमा। तिनको ध्यान पश्चिमी युरोप, जापान, मध्यपूर्व र दक्षिणपूर्व एसियातर्फ रह्यो। भारत र पाकिस्तान छुट्टिएदेखि नै काश्मीरको विवाद सल्टाउन अमेरिकीले चासो दिएका थिए तर विवाद समाधानमा अमेरिकी सहभागिता सम्भव भएन। प्रजातान्त्रिक पद्धति र कानूनी व्यवस्था कायम रहेका कारण शुरूमा अमेरिकी झुकाव भारतपट्टि थियो। तथापि भारतीय र अमेरिकी नेतृत्वबीच त्यति राम्रो सम्बन्ध बन्न सकेको थिएन। पाकिस्तानले त आफूले आफूलाई कसरी शासन गर्ने अर्थात् कुन पद्धति अपनाउने भन्ने निर्णय गर्न सकेकै थिएन। त्यस मुलुकलाई संविधान तयार गर्न झण्डै १० वर्ष लाग्यो। बर्ले भन्छन्, पाकिस्तानी राज्य इस्लाममा टेकेर जन्म्यो, यसका बहुसङ्ख्यक जनता पुरातनी र धार्मिक थिए जबकि शासक सामन्ती र धर्म तटस्थ। शीतयुद्धको कालखण्डमा शुरू भएको त्यस मुलुकको स्वतन्त्र यात्रामा अमेरिकी हस्तक्षेप बहुसङ्ख्यक सामान्य पाकिस्तानीको रुचिमा थिएन। ती आफ्ना शासकहरूले मुलुकलाई अमेरिकाको कारिन्दासरह बनाएको मान्थे। यसै पनि पूर्वी र पश्चिमी पाकिस्तानलाई एघार सय माइल चौडा भारतीय भूभागले छुट्याएको थियो। र, अचम्म होइन, संस्कृति र भाषा फरक रहेको पूर्वी पाकिस्तान स्वतन्त्रताको लहरपछि नयाँ मुलुक बङ्गलादेशको रूपमा जन्मियो, सन् १९७२ मा।

शुरूमा स्वतन्त्र पाकिस्तानको अमेरिकी दृष्टिमा खासै महत्त्व थिएन। पाकिस्तानका लागि पहिला अमेरिकी राजदूतले बहाली गरेको चार महीनामै विरामीका कारण मृत्युवरण गरे। उनको स्थानमा नयाँ राजदूत पठाउन अमेरिकालाई झण्डै दुई वर्ष लाग्यो। सहयोगको हिसाबले पनि पाकिस्तानप्रति अमेरिकी चासो खासै थिएन। पाकिस्तानले मागेको सहयोगको निकै कम प्रतिशत मात्रै राष्ट्रपति

ट्रुम्यानले स्वीकृत गरेका थिए। सन् १९५० मा पाकिस्तानी प्रधानमन्त्री लियाकत अली खानले गरेको अमेरिकाको भ्रमण सफल मानिएको थियो तर त्यसको केही समयपछि नै उनको हत्या भयो। कसले किन हत्या गऱ्यो, जानकारी भएन किनभने हत्यारा पनि तुरुन्तै मारिएको थियो। टर्कीसहित पाकिस्तानले कोरियामा अमेरिकी कारबाहीको अनुमोदन गरेपछि दुई मुलुकको सम्बन्ध अगाडि बढ्यो। भारतले अनुमोदन नगरेको हुँदा राष्ट्रपति ट्रुम्यानका विदेश मन्त्री फोस्टर डलस प्रधानमन्त्री नेहरूसित सन्तुष्ट थिएनन्। भारतको विदेश नीति नेहरूकै तजबिजमा अगि बढेको थियो। उता, बेलायतमा सैनिक तालिम लिएका पाकिस्तानी सेनाका कमान्डर अयुब खान अमेरिकी नेतृत्वका प्रिय बने। बिस्तारै मध्यपूर्वमा सोभियत संघको प्रभाव कम गर्ने औजारको रूपमा पाकिस्तानलाई हेर्न थालियो। पश्चिम युरोपको रुण्डै ७० प्रतिशत तेल आपूर्ति मध्यपूर्वबाट हुन्थ्यो र त्यो क्रम सोभियत हस्तक्षेपले प्रभावित हुन सक्ने पश्चिमी मुलुकहरू मान्थे। शीतयुद्ध र खनिज तेलको राजनीतिमा पाकिस्तान बिस्तारै उनियो यद्यपि मध्यपूर्वका मुलुकहरू पाकिस्तानलाई दिइएको यो भूमिकाबारे सन्तुष्ट थिएनन्। पाकिस्तानले अमेरिकाबाट थुप्रै सैनिक सहयोग पाउन थाल्यो, जसका कारण अमेरिका र भारतबीचको मनमुटाव कायमै रह्यो।

बर्ले भन्छन्, अमेरिकी प्रशासनमा कसैले एकपल्ट पनि के पाकिस्तान साँच्चै सोभियत संघको सेनाको प्रतिरोध गर्न सक्छ त भनेर चिन्तन गरेन, न त सहयोगको बजेट सैनिक क्षेत्रमा दिँदा प्रजातान्त्रिक पद्धति, आर्थिक र सामाजिक क्षेत्र ओझेलमा पर्छ भन्नेबारे सोचियो। परिणति के भयो भने त्यस मुलुकमा प्रजातन्त्र संस्थागत हुन पाएन। सैनिक कु र आरोहअवरोहमा डुबेको पाकिस्तानमा नेताको हत्या नियमित क्रियाकलाप जस्तै बन्यो, प्रधानमन्त्री जुल्फिकार अली भुट्टो, सैनिक तानाशाह राष्ट्रपति जिया उल हक, प्रधानमन्त्री बेनजिर भुट्टो आदि सबै मारिए। त्यहाँ कट्टरपन्थी मुसलमानहरूले आफ्नो सत्ता स्थापनाका लागि व्यापक हिंसाको बाटो चुनेका छन्। यस क्रमको पछिल्लो बर्बर घटना पेशावरको स्कूलमा घट्यो; कट्टरपन्थी तालिबानी आत्मघातीहरूले स्कूलमा आक्रमण गरेर १४२ विद्यार्थीसहितको हत्या गरे। भारत र पाकिस्तानको सम्बन्ध चिसो छ; काश्मीरको समस्या सल्टिने बाटोमा छैन।

शीतयुद्धताका पाकिस्तान दक्षिण-पूर्वी राष्ट्रहरूको सन्धि सङ्ठन (सिएटो) को सदस्य बनेपछि अमेरिकाका प्रभावशाली स्तम्भकार वाल्टर लिपम्यानले राष्ट्रपति आइजन हावरका विदेश मन्त्री जोन फोस्टर डलससँग यस विषयमा लिएको अन्तर्वार्ताले पनि उनीहरूमा चिन्तन र सोच हुँदै नभएको स्पष्ट हुन्छ :

**लिपम्यान** : सिएटोले के उपलब्धि हासिल हुन्छ ? यसमा युरोपेली मुलुहरूसँगै पाकिस्तान छ, जो दक्षिण-पूर्व एसियाबाट टाढा छ।

**फोस्टर** : हामीले लड्न सक्ने मान्छेहरूलाई त्यता लैजानु आवश्यक छ। लड्न सक्ने एशियालीहरू पाकिस्तानी हुन्। त्यस कारण चाहियो। हामी गोर्खाबिना केही गर्न सक्तैनौं।

**लिपम्यान** : तर गोर्खाहरू पाकिस्तानी होइनन्, ती भारतीय (वास्तवमा नेपालका) हुन्।

**फोस्टर** : ती पाकिस्तानी नभए पनि मुस्लिम हुन्।

**लिपम्यान** : माफ गर्नुस्, ती मुस्लिम होइनन्, हिन्दू हुन्।

पुस्तकमा उल्लिखित यो प्रसङ्गले अमेरिकी उच्च ओहदामा पुग्ने व्यक्तिहरू ससाना मुलुकबारे कति अनभिज्ञ रहेछन् भन्ने प्रस्ट पार्छ। तथापि तिनका निर्णय अरूको भाग्य निर्धारणका कारक बन्छन्। विभिन्न पात्रको आफ्नो चासो, खनिजजन्य स्रोतमा निजी कम्पनीको नियन्त्रण, स्वतन्त्र मुलुकहरूमा पुँजीवादको आगमन, भिन्न राजनीतिक आस्था, शीतयुद्धको शुरूआत र पर्याप्त सूचना उपलब्ध नहुने स्थितिमा सत्तासीन शक्तिशाली पात्र (राष्ट्रपति र प्रधानमन्त्री) हरूले कसरी निर्णय लिन्छन् भन्ने पाठ्यपुस्तकोचित उदाहरण हुन् बर्लेले विवेचना गरेका युद्धका गाथाहरू। कङ्गोको उदाहरण दिँदै बर्ले भन्छन्, लडाकु विमान र ट्याङ्कको सहारामा शान्ति स्थापना हुन सक्तैन।

त्यस कालखण्डको अनुभव समेट्तै बर्ले भन्छन्, हामी विश्वशक्ति हौं भन्ने दृष्टिकोणले संयुक्त राज्य अमेरिकाको विदेश नीति परिचालित रह्यो। प्रश्न अमेरिकी मान्यता (प्रजातन्त्र, स्वतन्त्रता, मानव अधिकार इत्यादि) र राज्य सञ्चालनबीच हुने व्यावहारिक भिन्नताको होइन। प्रश्न हो, बेलायत, स्पेन, पुर्तगाल, फ्रेन्च र डच जस्ता उपनिवेशी शक्तिसरह उदार साम्राज्यवादी उपनिवेशी बाटोले अमेरिकालाई केही पनि हासिल गराएन। अगिल्ला उपनिवेशी शक्तिहरूले आफ्नो उपनिवेश कायम राख्न उदार साम्राज्यवादको तर्क प्रयोग गरे। अमेरिकी सरकार चलाउने उत्कृष्ट र चलाख पात्रहरूलाई के लाग्यो भने उदार साम्राज्यवादी योजना तिनले अझ राम्रो हिसाबले कार्यान्वयन गर्न सक्छन्। तर यो अति घमण्डले समग्र संयुक्त राज्य अमेरिका एकखालको बिजोकबाट गुज्रिरहेछ यद्यपि त्यस मुलुकको स्वतन्त्रताको यात्रा बेलायती साम्राज्यवादको विरोधबाट शुरू भएको हो। बर्ले भन्छन्, पछिल्ला कालखण्डका इराक र अफगानिस्तानका युद्धहरूले त्यस मुलुकलाई आफ्नो विश्वव्यापी भूमिकाबारे सोच्न बाध्य पार्दै छ। २१औं शताब्दीमा टाढाका क्षेत्रहरू आर्थिक हिसाबले माथि जाँदै छन्।

बर्लेले विवेचना गरेको कालखण्डको रुन्डै ५० वर्षपछि आज भूमण्डलीकरण, सूचना प्रविधिको प्रयोग मान्छेको आवातजावत र जलवायु परिवर्तनको माखे सांलोमा विश्व जकडिएको छ। यो विश्व फोहोर, कुशासनले व्याप्त, हिंसामय, असमतापूर्ण र विडम्बनायुक्त छ। वास्तवमा मानव इतिहास विडम्बनाले भरिएको छ। जुन क्षेत्रमा प्रजातन्त्र मान्य थियो, त्यो क्षेत्रबाट प्रजातन्त्र हराएको छ। अरब भूभागका मुलुकहरूकै उदाहरण हेरौं। त्यस क्षेत्रका पहिला चार खलिफाहरू प्रजातान्त्रिक पद्धतिद्वारा छानिएका थिए। तर उपनिवेशी शासन, सत्तामा पुग्दा एउटा र बाहिर छँदा अर्को कुरा गर्ने चरित्र एवं हिंसाका कारण त्यहाँका जनताको प्रजातान्त्रिक अपेक्षा सधैं टाक्सिएर रहेको छ। पेट्रोडलर, इजरायलको डर र संयुक्त राज्य अमेरिका लगायत पश्चिमी मुलुकहरूले त्यस क्षेत्रका तानाशाहहरूलाई दिएको छत्रछायाका कारण पनि राज्य र समाजको प्रजातान्त्रिकीकरण अवरुद्ध भएको छ। विकल्पको रूपमा कट्टरपन्थ जन्मिएको छ।[1]

गणतान्त्रिक लोकतन्त्र लगायत शासनपद्धति स्थापना गर्न प्रयासरत नेपालका लागि इतिहासका यी घटनाक्रम उपयोगी पाठ हुन्। हामीले प्रजातान्त्रिक (वा लोकतान्त्रिक) पद्धतिबारे अझै गहिरो संवाद निरन्तर राख्नु जरूरी छ। निर्वाचन प्रक्रिया प्रजातान्त्रिक पद्धतिको एउटा औजार हो। साथै नागरिक सहभागिता, अपनत्व, सभ्य विमति र बहुल विचारको आदर अनि सिर्जनशील संवाद पनि हो, प्रजातन्त्र। पुस्तकबाट यस्तै पाठ उपलब्ध हुन्छ।

**सन्दर्भ सामग्री**

१ यो तर्क ढाका विश्वविद्यालयका प्राध्यापक इम्तियाज अहमदको विश्लेषणबाट साभार गरिएको हो।